वैठक संख्याः१३

आज मिति २०८३ साल आषाढ १९ गते शुक्रबारका दिन यस नासों गाउँपालिकाको पालिका अध्यक्ष श्री धन बहादुर गुरुङज्यूको अध्यक्षता एवं तपसिलका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँकार्यपालिकाको नियमित वैठक बसि तपसिलका निर्णय गरियो ।

**उपस्थितिहरु:-**

| क्र.नं | जनप्रतिनिधिको नाम थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | धन बहादुर गुरूङ | अध्यक्ष | नासों गा.पा. | |
| २ | वेद बहादुर गुरूङ | उपाध्यक्ष | नासों गा.पा. | |
| ३ | मिन राशी गुरूङ | वडा अध्यक्ष | वडा नं.-१ | |
| ४ | रवि गुरूङ | वडा अध्यक्ष | वडा नं.-२ | |
| ५ | निल राम गुरूङ | वडा अध्यक्ष | वडा नं.-३ | |
| ६ | धर्म जङ गुरूङ | वडा अध्यक्ष | वडा नं.-४ | |
| ७ | थुतेन लामा | वडा अध्यक्ष | वडा नं.-५ | |
| ८ | पुष्प बहादुर गुरूङ | वडा अध्यक्ष | वडा नं.-६ | |
| ९ | ओम बहादुर गुरूङ | वडा अध्यक्ष | वडा नं.-७ | |
| १० | याद घले | वडा अध्यक्ष | वडा नं.-८ | |
| ११ | मिङ्मर छिरिङ विष्ट | वडा अध्यक्ष | वडा नं.-९ | |
| १२ | डिल कुमारी घले | का.पा.सदस्य | नासों गा.पा. | |
| १३ | सुक बहादुर परियार | का.पा.सदस्य | नासों गा.पा. | |
| १४ | प्रमिला गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १५ | सोनिया गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १६ | चनार स्यो गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १७ | मोहन कुमारी घले | का.पा.सदस्य | नासों गा.पा. | |
| १८ | अनुप पौडेल | सदस्य सचिव | नासों गा.पा. | |
| आमन्त्रितः- | | | | |
| १ | गोविन्द बहादुर रानाभाट | ब.प्रशासकीय अधिकृत | नासों गा.पा. | |
| २ | नविन जोशी | इन्जिनियर | नासों गा.पा. | |
| ३ | चित्र बहादुर पौडेल | लेखा अधिकृत | नासों गा.पा. | |
| २ | रविन्द्र राज पौडेल | स.लेखा अधिकृत | नासों गा.पा. | |
| ३ | शुशिल थापा | ब.प्र.स. | नासों गा.पा. | |
| | | | | |

निर्णय नं-१

यस गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम "खेलकुद प्रवर्धन" अन्तर्गत जिल्ला स्तरीय फुटबल खेलकुद प्रतियोगिता सञ्चालनका लागि अखिल नेपाल फुटबल संघ, मनाङलाई सहयोग गर्ने गरी मिति २०८३/०३/०७ को कार्यपालिका बैठकबाट भएको निर्णय र निर्णय पश्चात सिर्जना भएको दायित्व भुक्तानीका लागि सम्बन्धित शाखाबाट पेश भएको नेपाल फुटबल संघ, मनाङ को च.नं १०२ मिति २०८३/०३/०७ को पत्रसाथ प्राप्त कागजात र प्रतिवेदन माथि छलफल गर्दा कार्यक्रम सम्पन्न भएको प्रमाणका आधारमा चालु आ.व को स्वीकृत बजेट तथा कार्यक्रम तर्फ विनियोजित बजेट बाट उक्त कार्यक्रमका लागि विनियोजित रकम रु ५,००,००० (आक्षेपी रु पाँच लाख) एन्फालाई भुक्तानी दिने व्यवस्थाका लागि प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं-२

प्रकाश ज्योति माध्यमिक विद्यालय,थोँचे, मनाङको च.नं ९२ मिति २०८३/०३/११ को पत्रबाट चालु आर्थिक वर्ष २०८२/०८३ को नमूना विकास तर्फको विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान रकम रु.१०,००,०००/- विद्यालयको आवश्यकता र योजना बमोजिम कार्य सम्पन्न गरि नियमानुसार पेश्की रकम फछ्यौट गरि बाँकी रकम भुक्तानीका लागि अनुरोध भई आएको सन्दर्भमा उक्त विद्यालयको प्रस्तावना पत्रको सम्बन्धमा यसै कार्यपालिकाको मिति २०८३/११/२५ मा बसेको बैठकको निर्णय, पेश भएका प्रतिवेदन र कागजात, अनुगमन समितिको निर्णय समेतका आधारमा उक्त अनुदान रकमबाट पेश्की फर्छ्यौट गरी नियमानुसार विद्यालयको खातामा जम्मा हुने गरी आवश्यक व्यवस्था गर्न आर्थिक प्रशासन शाखा तथा प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं-३

नेपाल फुटबल संघ, मनाङको आयोजनामा सम्पन्न अन्तरपालिका स्तरीय फुटबल प्रतियोगितामा यस गाँउपालिकाको मिति २०८३ जेठ २५ मा भएको निर्णय बमोजिम महिला टिम, पुरुष टिम र कर्मचारी तथा पदाधिकारीको टिम गरी कुल ३ (तीन) टिमको सहभागिता रहेको थियो। सो सम्बन्धमा सम्बन्धित शाखाले पेश गरेको टिप्पणि, कागजात सहितको प्रतिवेदन माथि छलफल गर्दा स्थानीय स्तरको खेलकुद प्रवर्धन र विकास गर्ने अधिकार गाउँपालिकामा नै रहेको र कार्यपालिकाले नै सहभागिताका लागि दायित्व सिर्जना गरेको हुंदा गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रमको सीमाभित्र रही प्रतिवेदन र कागजात रुजु गरी भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णय नं-४**

यस गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम "खेलकुद प्रवर्धन" अन्तर्गत खुल्ला पुरुष तथा महिला भलिबल प्रतियोगिता सञ्चालनका लागि जिल्ला खेलकुल विकास समिति, मनाङलाई सहयोग गर्ने गरी मिति २०८३/०३/०७ को कार्यपालिका बैठकबाट भएको निर्णय र निर्णय पश्चात सिर्जना भएको दायित्व भुक्तानीका लागि सम्बन्धित शाखाबाट पेश भएको जिल्ला खेलकुद विकास समिति, मनाङ को च.नं १५० मिति २०८३/०३/०७ को पत्रसाथ प्राप्त कागजात र  प्रतिवेदन माथि छलफल गर्दा कार्यक्रम सम्पन्न भएको प्रमाणका आधारमा चालु आ.व को स्वीकृत बजेट तथा कार्यक्रम तर्फ विनियोजित बजेट बाट उक्त कार्यक्रमका लागि विनियोजित रकम रु २,००,००० (आक्षेपी रु दुई लाख)  जिल्ला खेलकुद विकास समितिलाई भुक्तानी दिने व्यवस्थाका लागि प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं-५**

यस नासों गाउँपालिका अन्तरगत रहेका दीर्घ रोगीहरुका लागि मासिक रुपमा वितरण गर्ने  सहयोग रकम संघीय सर्शत अनुदानबाट आवश्यक भन्दा कम रकम निकासा भई आएकोले अपुग रकम अध्यक्षसँग सुत्केरी भेट कार्यक्रम र सुत्केरी स्याहार कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं-६**

चालु आ.व. को अवधिभर विभिन्न व्यवसायीबाट यस नासों गाउँपालिकाको विषयमा विभिन्न समयमा विभिन्न विषयमा पत्रिका छापी विल रकम भुक्तानीका लागि माग भई आएको सन्दर्भमा यस पालिकासँगको समन्वयमा छापिएको पत्रिकाको हकमा विल बमोजिमको रकम र समन्वय विना नै छापिएको पत्रिकाको हकमा समान रु.५,०००/- का दरले भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

निर्णय नं-७

यस नासों गाउँपालिकाको नाममा दर्ता रहेका तपसिलका सवारी साधनहरुको मर्मत संभार तथा सर्भिसिङ कार्य सम्पन्न भई खर्चको विल रकम भुक्तानीका लागि अनुरोध भई आएको हुँदा उक्त विल रकम भुक्तानी दिने निर्णय गरियो।

| क्र.सं. | विवरण | सवारी नं |
|---|---|---|
| १ | मोटरसाइकल अपाची २०० | GAAA4917 |
| २ | मोटरसाइकल अपाची २०० | GAAA4926 |
| ३ | मोटरसाइकल युनिकन १६० | GAAA4924 |
| ४ | मोटरसाइकल अपाची २०० | GAAA4927 |
| ५ | मोटरसाइकल पल्सर १५० | GAAA4923 |
| ६ | मोटरसाइकल अपाची २०० | GAAA4915 |
| ७ | मोटरसाइकल यनिकन १६० | GAAA4920 |
| ८ | मोटरसाइकल एफ्जेट २५० | GAAA4922 |
| ९ | मोटरसाइकल अपाची २०० | GAAA4918 |
| १० | अप्रिला स्कुटर १५० सिसि | GAAA4916 |

निर्णय नं-८

यस नासों गाउँपालिकाको नाममा दर्ता रहेका ग १ झ ३५८ को सवारी साधन(बलेरो जीप) मर्मत संभार तथा सर्भिसिङ कार्य सम्पन्न भई खर्चको विल रकम भुक्तानीका लागि आवश्यक कागजात सहित अनुरोध भई आएको हुँदा उक्त विल बमोजिमको रकम रु. ८४,२४४/-(चौरासी हजार दुई सय चौवालीस मात्र) भुक्तानी दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner